Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या : २०७९/०८०

बुङचुङ, धादिङ
वागमती प्रदेश, नेपाल

मिति : २०८०/०१/२८

**गाई/भैसीको ओसारपसार कार्य स्थगितका लागि कृषक तथा व्यापारीहरुमा अत्यन्त जरुरी सूचना।**

उपरोक्त सम्बन्धमा हाल देशका अधिकाशं जिल्ला तथा यसै सिद्धलेक गाउँपालिकाको वडा नं. २ र ४ को गाई/भैसीमा देखिएको लक्षणको आधारमा नमुना संकलन गरी पि.सि.आर विधिबाट परीक्षण गर्दा लम्पी स्किन डिजिज प्रमाणित भएको हुँदा, अन्य वडाहरुको गाई/गोरुहरुमा पनि यो रोगको लक्षणहरु देखा परेको पाईएको छ। यो रोग महामारीको रुपमा फैलिने हुनाले अन्यत्र जिल्ला/पालिका बाट यस सिद्धलेक गाउँपालिका भित्र वा बाहिर र गाउँपालिकाको विभिन्न वडाहरुमा समेत गाई/भैसी एक वडा/स्थान बाट अन्य वडा /स्थानमा ओसारपसार नगर्न/नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।साथै यो सूचनालाई अटेर गरी माथि उल्लेखित क्रियाकलापहरु गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने कुरा समेत जानकारी गराईन्छ।

२०८०/०१/२८

.............................
नारायण प्रसाद अधिकारी
प्रमख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**गाई/भैसीमा लम्पी स्किन डिजिजका लक्षणहरुः**

१.कचेरा निकाल्ने,सिगान बगाउने तथा धेरै फिज निकाल्ने

२.शरीरका विभिन्न भागहरुमा जस्तैःघाँटी पछाडीको खुट्टा पेट तथा थुनको वरिपरी साना देखी ठूला गिर्खाहरु देखिने

३.उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा माथि आउने

४.वाथ जस्तो घुडाँहरु सुन्निने गर्भ तुहिने दूध उत्पादन घट्ने

**यो रोग सर्ने माध्यमहरु**

१.लामखुट्टे झिगाँ किर्ना आदिको टोकाईबाट

२.संक्रमित गाई/भैसीको ओसार पसारबाट

३.संक्रमित र निरोगी गाई/भैसीको प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कबाट

४.संक्रमित पशुहरुलाई प्रयोग गरिएको निडिलको प्रयोगबाट।

**उपचार तथा रोकथामका उपायहरुः**

१.यो रोगको ठोस उपचार नभएको हुँदा प्राविधिकको सल्लाह तथा लक्षणको आधारमा उपचार गर्ने।

२.संक्रमित क्षेत्रबाट गाई/भैसी ओसारपसार नगर्ने

३.लामखुट्टे झिगाँ किर्ना आदिको नियन्त्रण गर्ने र गोठ वरपरको वातावरण निसंक्रमण गरी सफा राखे।

<u>बोधार्थ</u>

श्री सबै वडा (१ देखी ७) कार्यलय(आवश्यक सहयोग तथा समन्वय गरि दिनुहुन)।

श्री जिल्ला प्रहरी कार्यलय,धादिङबेसी,धादिङ,सूचना अनुसार कडा निगरानी तथा कार्यान्वयन गरिदिनु हुन ।

श्री नलाङ बैरेनी प्रहरी चौकी,नलाङ बैरेनी धादिङ, सूचना अनुसार कडा निगरानी तथा कार्यान्वयन गरिदिनु हुन ।

श्री अस्थाई प्रहरी बिट, बुङचुङ,धादिङ,सूचना अनुसार कडा निगरानी तथा कार्यान्वयन गरिदिनु हुन ।

"आर्थिक सम्बृद्धि विकासको लागि पूर्वाधार - सिद्धलेक गाउँपालिकाको मूल आधार"

Scanned with CamScanner